**खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा विधायन ऐन, २०८१ को दफा ६ बमोजिम सर्वसाधारणको राय/सुझाबको लागि प्रकाशन गरिएको सूचना।**

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३/०६/०८ को खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए ७ दिन (मिति २०८३/०६/१४ गते) भित्र यस मन्त्रालयको कानून शाखाको इमेल ठेगाना law.section@mohp.gov.np मा देहाय बमोजिमको ढाँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था (राय सुझाव) | राय सुझावको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**<u>खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**प्रस्तावना** : खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ संशोधन गर्न आवश्यक भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम तथा प्रारम्भ** : (१) यस ऐनको नाम "खाद्य स्वच्छता तथा गुणस्तर (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको दफा २ मा संशोधन** : खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (थ) मा रहेका "कृषि तथा पशुपन्छी विकास" भन्ने शब्दहरूको सट्टा "खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी विषय हेर्ने" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को उपदफा (१) मा रहेको "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

४. **<u>मूल ऐनको दफा ५ मा संशोधन</u>** : मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) मा रहेको “नेपाल सरकार” भन्ने शब्दहरूको सट्टा “मन्त्रालय” भन्ने शब्द राखिएको छ।

(२) उपदफा (१) को खण्ड (ग) मा रहेका “नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या” भन्ने शब्दहरूको सट्टा “ नेपाल सरकारको कृषि सम्बन्धी विषय हेर्ने” भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

“महाशाखा प्रमुख, खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी विषय हेर्ने, मन्त्रालय - सदस्य”

(४) उपदफा (१) को खण्ड (ङ) मा रहेका “वन तथा वातावरण” भन्ने शब्दहरूको सट्टा “ नेपाल सरकारको संघीय मामिला सम्बन्धी विषय हेर्ने” भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

“(च१) सहसचिव, विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य”

(६) उपदफा (१) को खण्ड (ज) खारेज गरिएको छ।

५. **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को उपदफा (१) को खण्ड (क) र (ख) तथा उपदफा (२) मा रहेका “नेपाल सरकार” भन्ने शब्दहरूको सट्टा “मन्त्रालय” भन्ने शब्द राखिएको छ।

६. **<u>मूल ऐनको दफा १५ मा संशोधन</u>** : मूल ऐनको दफा १५ को खण्ड (घ) मा रहेको “बहिर्मिश्रित” भन्ने शब्द पछि “हानीकारक” भन्ने शब्द थपिएको छ।

७. **<u>मूल ऐनको दफा ३४ मा संशोधन</u>** : मूल ऐनको दफा ३४ को सट्टा देहायको दफा ३४ राखिएको छः-

"३४. **<u>खाद्य पदार्थ नष्ट गर्ने</u>** : (१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा कुनै खाद्य पदार्थ स्पष्ट रुपमा देखिने गरी सडेगलेको, कुहिएको, किरा परेको, फोहोर मिसिएको, दूषित खाद्य पदार्थ, उपभोग गरिसक्नु पर्ने अवधि समाप्त भएको खाद्य पदार्थ वा अन्य कुनै कारणबाट मानव उपभोगको लागि असुरक्षित रहेको पाइएमा अनुगमन, निरीक्षण वा जाँचबुझ गर्ने अधिकारीले त्यस्तो खाद्य पदार्थ स्थानीय तह वा स्थानीय प्रशासनका प्रतिनिधिको रोहवरमा उपयुक्त तवरले नष्ट गर्नेछ।

(२) उपदफा (१) बमोजिम नष्ट गर्नु नपर्ने अन्य प्रयोजनको लागि प्रयोग गर्न सकिने खाद्य पदार्थ पुन प्रयोग गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम खाद्य पदार्थ नष्ट तथा पुन प्रयोग गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।"

८. **<u>मूल ऐनको दफा ३८ मा संशोधन</u>** : मूल ऐनको दफा ३८ को उपदफा (५) पछि देहायको उपदफा (६) र (७) थपिएको छः-

"(६) यस दफा बमोजिम फिर्ता गरिएका न्युनस्तरका खाद्य पदार्थको मानव स्वास्थ्यमा प्रतिकूल असर नहुने गरी नष्ट वा उपयुक्त तवरबाट व्यवस्थापन गर्न सकिनेछ।

(७) खाद्य पदार्थको नष्ट तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

९. **<u>मूल ऐनको दफा ३९ मा संशोधन</u>** : मूल ऐनको दफा ३९ को उपदफा (३) को खण्ड (क) मा रहेको "परीक्षण गरि गराई" भन्ने शब्दहरू पछि "न्यूनस्तर वा दूषित खाद्य पदार्थ भए सो समेत खुलाई" भन्ने शब्दहरू थपिएका छन्।

१०. **<u>मूल ऐनको दफा ४१ मा संशोधन</u>** : मूल ऐनको दफा ४१ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना सङ्कलनको क्रममा देहायको अवस्था देखिएमा त्यस्तो खाद्य पदार्थको उत्पादक, ढुवानीकर्ता, सञ्चयनकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवा प्रदायकाई अनुगमन, निरीक्षण, जाँचबुझ वा

आकस्मिक निरीक्षण गर्ने अधिकारीले स्थानीय तह वा स्थानीय प्रशासनका प्रतिनिधिको रोहवरमा तत्काल देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

**(क)** अनुगमन, निरीक्षण, जाँचबुझ, आकस्मिक निरीक्षण वा खाद्य पदार्थको नमूना सङ्कलनको काममा बाधा वा अवरोध पुऱ्याएमा बीस हजार रुपैयाँसम्म,

(ख) खाद्य पदार्थ देहाय बमोजिम भई मानव उपभोगको लागि असुरक्षित रहेको वा प्रयोगशालामा जाँच विश्लेषणका लागि नमूना संकलन गर्न नमिल्ने अवस्थामा रहेका खाद्य पदार्थ दफा ३४ बमोजिम नष्ट गरी खाद्य पदार्थको परिमाण र मानव स्वास्थ्यमा पार्न सक्ने असरसमेतका आधारमा तीन लाख रुपैंयासम्म,

(१) स्पष्ट रुपमा देखिने गरी कुहिएको, सडेको, किरा परेको,

(२) जैविक वा अजैविक बाह्य अखाद्य पदार्थ मिसिएको,

(३) बाह्य हानिकारक तत्व मिसाइएको,

(४) दुर्गन्धित वा फोहोर ठाँउमा राखिएको वा तयार पारिएको वा अन्य कुनै कारणबाट खाद्य पदार्थको गुणस्तरमा ह्रास आउने कार्य गरिएको,

(५) उपयोग गरिसक्नु पर्ने अवधि समाप्त भएको वा सो खाद्य पदार्थमा नयाँ लेबल लगाएको,

(६) लेबल विवरणमा कुनै केरमेट, थपघट वा नबुझिने गरिएको वा मेटाएको खाद्य पदार्थ विक्रीको लागि राखिएको"

११. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः** मन्त्रालयले यो ऐनको र यस अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।